# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ४१) काठमाडौं, मंसीर २३ गते २०४८ साल (संख्या ३४

## भाग ३

श्री ५ को सरकार

### भूमिसुधार तथा व्यवस्था मन्त्रालयको

### सूचना १

श्री ५ को सरकारले भूमिसम्बन्धी ऐन, २०२१ को दफा ५२ ले दिएको अधिकार प्रयोग गरी सोही ऐनको दफा १२ अनुसार हदबन्दीमा छूट पाएका निजी क्षेत्रका उद्योगहरूले छूट पाउँदा तोकिएको शर्त अनुसार जग्गा प्रयोग गरे नगरेको सम्बन्धमा छानबिन गर्न देहायबमोजिमको अध्यक्ष र सदस्य भएको हदबन्दीसम्बन्धी उच्चस्तरीय छानबिन समिति गठन गरेको छ ।

**समितिको गठन :**

१. सांसद माननीय श्री रूद्रमणि शर्मा — अध्यक्ष

२. श्री भैरबराज कैनी, रा. प. द्वि. श्रेणी बागवानी विज्ञ (कृषि मन्त्रालयको प्रतिनिधि) — सदस्य

३. श्री शिवराम राउत, समाजसेवी, कटुन्जे, भक्तपुर — सदस्य

४. श्री तीर्थनाथ गंगोल, निर्देशक, भूमिसुधार विभाग — सदस्य-सचिव

**समितिको काम, कर्तव्य र अधिकार :**

१. निजी क्षेत्रका उद्योग तथा फर्महरूलाई हदबन्दीमा दिइएको छूट जग्गाहरू शर्त अनुसार प्रयोग भएको छ, छैन के कति जग्गामा कस्तो किसिमले प्रयोग भएको



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

छ। स्थलगत रूपमा अध्ययन निरीक्षण गरी वास्तविक स्थितिको विवरण तयार गरी के गर्न उपयुक्त हुन्छ ठोस राय सुझाव पेश गर्ने ।

२. दफा १ मा उल्लेख भए बाहेक अन्य हदबन्दी भन्दा बढी हुने जग्गावालाहरूसँग रहेको अन्य स्रोत (हु. प्र.) समेतबाट पाएको जग्गाको बारे पनि अध्ययन गरी प्रतिवेदन राय सुझाव पेश गर्ने ।

३. समितिले छानबिन गर्ने कामको क्रममा आवश्यक परेमा भूमिसम्बन्धी ऐन, २०२१ का सम्बन्धित दफाहरू प्रयोग गर्न सक्ने गरी सोही ऐनको दफा ५७ बमोजिम अधिकार प्रत्यायोजन गरिएको छ ।

समितिको कार्यक्षेत्र :

झापा, मोरङ, धनकुटा, बाँके, तेह्रथुम, ताप्लेजुङ र नुवाकोट गरी ७ जिल्लामा लागू हुनेछ ।

समितिको कार्यावधि :

समितिले काम शुरु गरेको दिनले ४५ दिनको हुनेछ ।

## सूचना २

श्री ५ को सरकारले जग्गा (नाप जाँच) ऐन, २०१९ को दफा ३ को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी आर्थिक वर्ष ०४८–४९ को सिजनदेखि निम्न जिल्लाहरूको जग्गा नाप जाँच निम्न नापी गोश्वाराहरूबाट गराउन यो आदेश जारी गरेको छ।

| नापी गोश्वारा | जिल्ला |
|---|---|
| ५ नं. नापी गोश्वारा | बाजुरा |
| ४ नं. नापी गोश्वारा | कालीकोट |

आज्ञाले,
विश्वमान श्रेष्ठ
श्री ५ को सरकारको सचिव



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार